"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

द्वैमासिक

वर्ष ८ अंक २४, माघ-फाल्गुण, २०७७ www.ncbl.coop January 14-March 13

## नाफामा आक्रमक बन्दै राष्ट्रिय सहकारी बैंक

ललितपुर, १५ माघ सहकारी क्षेत्रको एक मात्र बैंक राष्ट्रिय सहकारी बैंक लिमिटेडले चालू आर्थिक वर्षको दोस्रो त्रैमासमा ३५ करोड ३३ लाख ६६ हजार रुपैयाँ नाफा कमाएको छ। बैंकको गत आवको सोही अवधिको नाफा २७ करोड ५० लाख ४३ हजार रुपैयाँ रहेको थियो। उक्त नाफा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २८ दशमलव ४७ प्रतिशतले बढी हो।

बैंकले प्रकाशित गरेको वित्तीय विवरण अनुसार यस अवधिमा बैंकको खुद ब्याज आम्दानी बढेर ७३ करोड ६९ लाख रुपैया पुगेको छ भने गत वर्षको सोही अवधिमा खुद ब्याज आम्दानी ५३ करोड पाँच लाख रुपैयाँ रहेको थियो। बैंकको चालू आवको अर्ध वार्षिक वित्तीय विवरण अनुसार यस अवधिमा बैंकको दुई अर्व ८३ करोड शेयर पुँजी सहित ५८ अर्ब २७ करोड निक्षेप संकलन गरी २७ अर्ब ४ करोड कर्जा लगानी गरेको छ।

त्यस्तै बैंकको जगेडा कोषमा एक अर्व तीन करोड ८९ लाख रहेको छ। ७७ जिल्लाका सबैखाले सहकारी संघ संस्थाहरू सदस्य बन्न सकिने बैंकमा हाल १२ हजार छ सय सहकारी संघ र संस्था सदस्य रहेका छन्, भने बैंकका सात प्रदेशमा ६८ शाखा कार्यालय रहेका छन।

## लेखा व्यवस्थापन तालिम सम्पन्न

माघ-८

दाङ । राष्ट्रिय सहकारी बैंक लिमिटेड दाङ शाखाको आयोजनामा घोराहीमा सञ्चालित ४ दिने लेखा व्यवस्थापन तालिम माघ ८ गते सम्पन्न भएको छ । बैंकको शाखा व्यवस्थापन उप-समितिका संयोजक भरत बहादुर बुढाथोकीको अध्यक्षता, जिल्ला सहकारी संघ दाङ का अध्यक्ष गोबिन्द प्रसाद शर्माको प्रमुख आतिथ्यतामा भएको समापन कार्यक्रमको संचालन दाङ शाखा प्रमुख डिल्लि राज दाहालले गर्नु भएको थियो । तालिममा घोराही र लमही क्षेत्रका २५ सहकारी संस्थाका २६ जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

तालिममा घोराही उप-महानगरपालिका सहकारी शाखा प्रमुख होम लाल भुसालले बैंकले उत्कृष्ट तालिमहरु निरन्तर संचालन गरी यस क्षेत्रको सहकारी अभियान व्यवस्थित गर्न महत्वपुर्ण योगदान गरेकोमा प्रशंसा गर्दै सिकेको कुरा व्यवहारमा लागु गर्न सहभागिहरुलाई आग्रह गर्नु भएको थियो । कार्यक्रममा बैंकले संचालन गरेको स्तरीकरण केयर कार्यक्रममा घोराहीको सामुदायिक बचत तथा ऋण सहकारी संस्था, बाबा बचत तथा ऋण सहकारी तुल्सीपुर र चेतना सामाजिक उद्यमी सहकारी संस्था शारदा सल्यान आवद्ध भएकाले संझौता गरिएको थियो ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**

के.बी. उप्रेती

लक्ष्मी प्रसाद उप्रेती

बद्री कुमार गुरागाईं

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**

माधवलाल देवकोटा

**सदस्यहरू**

राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**

नविन कुमार कार्की

**प्रधान सम्पादक**

राम बहादुर जि.सी.

**सहयोगी**

बिबेक खड्का, बलराम के.सी

**ठेगाना**

राष्ट्रिय सहकारी बैंक लिमिटेड

कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर

फोन नं : ०१-५१८०१८२

फ्याक्स: +९७७-०१-५५५५६८७

E-mail: publication@ncbl.coop

ncbl@ncbl.coop

Website: www.ncbl.coop

## सम्पादकीय

### कृषि क्षेत्रमा व्यवसायिकताको कमीले कृषि प्रति युवाको आकर्षण कम हुँदै

नेपालमा व्याप्त गरिबी, खाद्य असुरक्षा, वेरोजगारी, सुस्त आर्थिक प्रगति, सुस्त वातावरण संरक्षण लगायतका विविध विषय विद्यमान रहेको अवस्था र संयुक्त राष्ट्र संघको दीगो विकासको अवधारणा अनुसार अवको लक्ष्य र कार्यक्रमहरु बनाउनु अकाट्य जस्तै बनेको परिवेश छ । कुल जनसंख्याको दुई तिहाई जनसंख्या कृषिमा निर्भर रहेको नेपालमा साना तथा सीमान्त किसान ७० प्रतिशत छन् । खाद्य सुरक्षा मौलिक हकको रुपमा संविधानमा उल्लेख गरिए पनि वर्ष भरिको उत्पादनले एक वर्ष पनि नधान्ने जनसंख्या ४० प्रतिशत रहेको छ । ग्रामीण क्षेत्रका कतिपय स्थानमा अझै पनि साहुकर व्यवस्था कायमै रहेको र संस्थागत ऋण कारोबार गर्नेहरुको संख्या अत्यन्तै कम पाइएको छ । घर नजिकको बजार १० प्रतिशत किसानको मात्रै रहेको छ । बजार पुग्न आधा घण्टा हिंड्नुपर्ने जनसंख्या ४५५ मानिसको रहेको छ । हालको नेपालको अवस्थामा कृषि क्षेत्र युवा विहिन रहेको र पढेलेखेका जनशक्ति कृषिमा एकदमै कम र आकर्षण विहिन जस्तै बनेको अवस्था छ । आर्थिक सर्वेक्षण २०७५/७६ अनुसार कृषि क्षेत्रको योगदान कुल गाह्स्थ उत्पादनमा २६.९८ प्रतिशत रहेको छ भने १५ औं योजनाको अन्त्यसम्म कृषि क्षेत्रको योगदान २३५ मा झार्ने अनुमान गरिएकोछ । त्यस्तै सोहि तथ्यांक अनुसार नै कृषि क्षेत्रको वृद्धिदर ४.२५ रहँदा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत देशमा सुपर जोन, जोन, ब्लक र पकेट गरी ४ क्षेत्र संचालित अवस्थामा छन् । नेपालको संविधान २०७२ को धारा ५१ को उपधारा 'घ' को १ अनुसार सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत् राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने सरकारको अर्थ, उद्योग र वाणिज्य नीति रहेको छ भने सोही उपधाराको ३ औं बुँदामा सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा परिचालन गर्ने भनिएको छ ।कृषि क्षेत्रमा व्यवसायिकताको कमीले कृषि प्रति युवाको आकर्षण कम हुनेदेखि लिएर यस क्षेत्रमा होमिएका युवाहरु पनि फर्किएको समाचार आउनु दुखद पक्ष हो । अहिलेको कृषिजन्य उत्पादनशील जग्गा धेरै जसो खण्डिकरण भई बस्तीका रुपमा रुपान्तरित भइरहेका छन् । केन्द्रीय तथ्यांक विभागले गरेको

कृषि गणना अनुसार २०५८ साल देखि २०६८ सम्मको १० वर्षको अवधिमा कृषि जमिन घटिरहेको पाईएको छ ।

## सदस्य परिचय

# सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.

### १. परिचय

प्रदेश नं.१ मातहतको इलाम जिल्ला सदरमुकाम इलामन गरपालिका वडा नं. ७, इलामका स्थानियहरुको साझा बन्धन भित्र सदस्यको आयबाट थोरै भए पनि नियमित रुपले बचत जम्मा गर्ने बानीको विकास तथा समुदायवीच स्वावलम्बन र पारस्परिकता अभ्यासलाई संस्थागत विकास गरी आर्थिक रुपमा सवलबनाउने उद्देश्यका साथ साप नेपालSAP Nepalको दिर्घकालिन साझेदारी कार्यकम अनर्तगत बचत कार्यक्रमलाई अगाडी बढाउने उद्देश्यले तल्कालिन सुनगाभा क्लबका कोषाध्यक्षलाई प्रशिक्षण, तत्पश्चातको प्रतिवेदन अनुसार बचत कार्यकम संचालन गर्ने निर्णय र तत्कालिनः सुनगाभा क्लबका अध्यक्षको अध्यक्षतामा २०४२ भाद्र ३ गते संस्थाका पदाधिकारीहरुको बैठकले बचत तथा ऋण सहकारीको गठन गर्ने निर्णय गर्दै समितिलाई सहकारी संस्था गठन गर्न आवश्यक कार्य गर्न अधिकार दिइएकोमा उक्त समितिले आवश्यक तयारी पुरा गरेर सहकारी ऐन २०४८ अनुसार २०५२ भाद्र १६ गते प्रारम्भिक भेला सम्पन्न गरी दिनेश काफ्लेको संयोजकत्वमा तदर्थ समिति गठन गरीदर्ता प्रकृयाको आवश्यक तयारी पुरा भएपछि तत्कालिन जिल्ला सहकारी कार्यालयमा २०५२ पुस १८ गते विधिवत दर्ता (दर्ता नं.३०/०५२/०५३, स्थायी लेखा नं.३०३८३६९२२) भएदेखि सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. इलामले आफ्नो कार्य प्रारम्भ गरेकोमा विभिन्न आरोह अवरोह पार गर्दै आजको दिनसम्म आईपुग्दा संस्था सदस्यहरुको चाहना अनुसारको सेवा दिन सक्षमभएको छ ।

### २.दुरदृष्टि

समुदायमाआधारित दिगो, भरपर्दो, सक्षमतथा सदस्यहरुको सम्पुर्ण बित्तिय आवश्यकता पुरा गर्ने उत्कृष्ट सहकारी संस्था ।

### ३.घ्येय

सक्षम,सवल र सिद्धान्त अनुरुप सदस्यहरुको आर्थिक, सामाजिक तथा सुशासन युक्त, प्रबिधीमैत्री र प्रतिस्पर्धी बित्तीय सहकारी संस्था ।

### ४. लक्ष्य

- आगामी चार बर्षको अन्तमा सेवातथा सदस्यहरुको बृद्धिगरि सक्षम र सबल संस्थाबनाउने ।
- निती,बिधी र प्रबिधीहरुलाई समयानुकुल परिमार्जन र परिस्कृत गर्ने गराउने ।
- सदस्यतथा संस्थाको हितमा रही अन्य बित्तिय क्षेत्रहरुसंग समन्वय र सहकार्य गर्ने ।
- सदस्यहरुको हितकारी कार्यको लागि समनता र समता अनुरुप राहत तथा आयआर्जनका कार्यहरु संचालन गराउने ।

### ५.उद्देश्य

सदस्यहरुको समाजिक आर्थिक र सांस्कृतिक हितलाई ध्यानमा राखि देहायमा उल्लेख भए बमोजिमका काम कार्बाही गर्ने संस्थाको उद्देश्य रहनेछ ।

नियमित रुपमा सदस्यहरुबाट निक्षेप प्राप्त गर्नुका साथै उनीहरुले गरेका निक्षेपमाप्रतिस्पर्धात्मक दरमा व्याजदिने,

- उत्पादनशील, आयमुलक,सीपमुलक उद्देश्य कालागि सदस्यहरुलाई उचित ब्याज दरमा ऋण प्रदान गर्ने,
- आत्मनिर्भरता तथा आत्मविश्वास सम्बन्धि धारणाबारे सदस्यहरुलाई उत्प्रेरित गर्ने,
- सदस्यहरुलाई आयआर्जन क्षमतामा बृद्धि गर्नका लागि आवश्यक मद्दत र जानकारी उपलब्ध गराउने,
- सदस्यहरुको आर्थिक अवस्थामा सुधार गर्नसक्ने किसिमका अन्य क्रियाकलाप संचालन गर्ने,
- साधारण जनताका आर्थिक अवस्थाको विकास र प्रवर्द्धनमा समर्पित राष्ट्रिय तथा अन्तराष्ट्रिय संगठनहरुको दाँजोमा पुग्ने उद्देश्य लिई गठित केन्द्रीय संघको सदस्यता ग्रहण गर्ने,
- दर्तावाला संघ संस्थाहरुबाट पारस्परिक सहमतिका आधारमा संस्था र सदस्यका हितमा प्राप्त हुने चन्दा तथा अनुदान स्वीकार गर्ने,
- आफनो उद्देश्य पुरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरुसंग सहयोगात्मक भावना राख्ने,
- सदस्यहरुको संबृद्धि र विकासको अधिकतम हितलाई ध्यानमा राखी सहकारी ऐन, नियमहरु र विनियममा व्यवस्था भए बमोजिम दैनिक कार्य सन्चालनका साथै चलअचल सम्पति आर्जन गर्ने, क्रय विक्रय गर्ने, विनिमय गर्ने, हस्तान्तरण गर्ने चन्दा दिने धरौटी राख्ने, बन्धक राख्ने आदिकार्य गर्ने,
- सदस्यहरु तथा संस्थागत विकासका लागि आय आर्जन परियोजना सन्चालन गर्ने,
- समाजका कमजोर वर्ग र निम्न आय भएका व्यक्ति वा समुहको आर्थिक सामाजिक उत्थानमा सहयोग पुर्याउने,
- अन्य संघ संस्थाबाट ऋण लिने र दिने ।

**६. संस्थाका सेवाहरु**

- बचत तथा ऋण कारोबार
- रेमिट्यान्स सेवा
- डिसहोम, ADSL लगायतका रिचार्ज सेवाहरु
- विद्युतम हशुल भुक्तानी सेवा

**७.आवद्धता**

- राष्ट्रिय सहकारी बैंक
- बचत तथा ऋण सहकारी संघ लि.
- आन्तरिक राजश्व कार्यालय
- इलामन गरपालिका
- जिल्ला सहकारी संघ लि.
- नेफस्कुन

**संस्थागत क्षमता विकास**

- बचत तथा ऋण परिचालन र सहकारी व्यवस्थापनको लागिदक्षजनशक्तितयार गरिनेछ ।
- सदस्यहरुलाई निरन्तर सहकारी शिक्षातथातालिमकार्यक्रम संचालन गरिनेछ ।

- सरोकारवालाहरुसंग सहकार्य र समन्वय गरिनेछ ।
- आवश्यक्ता अनुसार अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

**ख. उध्यमशिलता विकास कार्यक्रम**

सदस्यहरुको माग वमोजिम उध्यमशिलता विकास तालिमहरुको आयोजनावा सम्बन्धित निकायसँग सहकार्य गरि तालिममा सहभागिता गराई उनीहरुलाई स्वरोजगार उध्यमी बनाइनेछ ।

**ग. सम्पर्क र समन्वय**

तिनै तहका सरकार, साझेदार संघ संस्थाहरु एवं अन्य गैरसरकारी तथा निजि फर्महरुसँग सम्बन्ध विस्तार गरी निरन्तर रुपमा सदस्यहरुको आर्थिक सामाजिक साँस्कृतिक विकासका लागि छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

**घ. बजार योजना**

आगामी चार वर्षमा यस संस्थाले हालको २१९ जना शेयर सदस्यबाट वृद्धिगरी विपन्नदलित, जनजाति, एकल, उध्यमी,दैनिक ज्यालादारी, किसान, अपाङ्ग, युवा महिलाहरु र व्यापारीहरु समेतलाई सदस्यता दिँदै २००० सदस्य पुर्याईनेछ । संस्थाले प्रदान गर्ने सेवाहरुको बारेमा स्थानिय स्तरमा सहकारी शिक्षा शिबिर र अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

**ङ.संस्थागत योजना**

यस संस्थाको रणनीतिक तथा व्यवसायिक योजना बमोजिम आगामी दिनहरुमा कारोवारमा बृद्धि, ऋण सम्पत्तिको गुणस्तरता, संस्थागत सेवाहरुमा विविधिकरण, संस्थागत प्रभावकारिता, संस्थागत क्षमता विकास, उध्यमशिलता विकास कार्यक्रम, सम्पर्क र समन्वय लगायतका क्रियाकलापहरुलाई तदारुकताका साथ कार्यान्वयनमा जोड दिइनेछ ।



# संरक्षित पुँजी फिर्ता कोष परिचालन तालिम

माघ-१८



काठमाडौ। राष्ट्रिय सहकारी बैकको आयोजनामा जुम प्रबिधिमा आधारीत भई राष्ट्रिय स्तरमा संरक्षित पुँजी फिर्ता कोष परिचालन सम्बन्धी एक दिने तालिम माघ १८ गते सम्पन्न भएको छ। राष्ट्रिय सहकारी बैंकले सदस्य संस्थाहरुलाई निरन्तर सहकारी शिक्षा तथा तालिमका कार्यक्रमहरु प्राथमिकताका साथ संचालन गर्दै आईरहेको छ। लकडाउन यता प्रतक्ष्य तालिम भन्दा पनी प्रबिधिमा आधारीत तालिमहरु बैकले निरन्तर संचालन गरिरहेको छ। माघ ११ गते बैकले देशभरका महिला संचालक तथा व्यवस्थापन प्रमुखहरुलाई लक्ष्य गरेर जुम बाटै बैठक व्यवस्थापन तालिम संचालन गरेको थियो। बैकले सहकारीको योजना तथा बजेट निर्माण, नीति तथा कार्यबिधि निर्माण, व्यवस्थापक क्षमता विकास, बिषम परिस्थीतीमा साधारण सभाको व्यवस्थापन, पर्ल्स लगायतका अनुपात बिश्लेषण, सहकारीका कर प्रणाली लगायतका दर्जनौ बिषयहरुमा राष्ट्रिय स्तरमा तथा प्रदेश स्तरमा निरन्तर तालिम शिक्षाका कार्यक्रमहरु संचालन गरिरहेको छ। बैकले आयोजना गरेको कुनै पनि तालिममा सहभागीहुन बैकको स्थानीय शाखा कार्यलयहरुमा नियमित सम्पर्कमा रहनुपर्ने हुन्छ। बैकले जुम प्रबिधिमा आधारीत भई संचालन गरिरहेका यी तालिमहरु सदस्यहरुलाई निशुल्क रुपमा उपलब्ध गराउदै आएको छ।

संरक्षित पुँजी फिर्ता कोष बितरण तालिममा देशभरबाट ४ सय जनाभन्दा बढिको सहभागीता रहेको थियो। कार्यक्रमको संचालन बैकका तालिम बिभागका बरिष्ठ अधिकृत मिनाकुमारी शर्माले संचालन गर्नु भएको थियो भने तालिमको सहजीकरण बैंकका अधिकृतद्धय सुर्यप्रसाद रिमाल र नारायण बेल्वासेले गर्नु भएको थियो। तालिमको शुभारम्भ बैकका संचालक तथा तालिम तथा शिक्षा उपसमितिका सदस्य बिश्वनाथ मंडल र समापन राष्ट्रिय सहकारी बैकका संचालक तथा तालिम तथा शिक्षा उपसमितिका संयोजक सरिता तिम्सिना भट्टराईले गर्नु भएको थियो। कार्यक्रममा सहभागीहरुले राखेका बिभिन्न जिज्ञासाहरुको समाधान पनि सहजकर्ताहरुले गर्नु भएको थियो। सहभागीहरुको तर्फबाट सुन्दरहरैचाका सहभागी कोपिला दाहाल र नवराज ढुंगानाले तालिम अत्यन्तै प्रभावकारी तथा समय सापेक्ष रहेको बताउनुभयो।

# सहकारीमा तालिमः आवश्यकता र उपलब्धता



**रामबाबु आचार्य**

कुनै औपचारिक शिक्षा नलिएका मानिसले पनि आफूसँग भएको व्यावहारिक ज्ञानबाट आफ्नो घरको सञ्चालनमा सफलता पाएको उदाहरणहरु विगत देखिनै हामीसँग प्रशस्तै छन् । सहकारी सञ्चालनलाई पनि हामी घर परिवार सञ्चालनसँग दाँजेर हेर्न सक्छौं । सहकारी चलाउन पनि कुनै उच्च तहको औपचारिक शिक्षा लिएको मानिस नभई हुँदैन भन्ने छैन । तर आधार भूत ज्ञान भने कुनै न कुनै तरिकाबाट लिएको हुनु आवश्यक हुन्छ ।

सामान्य क्षमता भएका व्यक्तिबाट पनि सहकारी चलेको त देखिन्छ तर जटिल अवस्थामा पनि संस्थालाई अगाडि बढाउन र संस्थाको बृद्धि विकास सँग सँगै आउने थप जटिलताको समाधानको लागि सञ्चालन गर्ने व्यक्तिहरुमा थप ज्ञान, सीप र क्षमताको आवश्यकता पर्दै जान्छ । साकोस दीगो प्रकृतिको व्यावसाय गर्ने सहकारी हो यसको नियमित बृद्धि आवश्यक हुन्छ । सहकारीका सदस्य तथा सम्पत्ती बृद्धि हुँदै गर्दा कम्तिमा पनि सोही अनुरुप सञ्चालक तथा कर्मचारीको क्षमतामा बृद्धि हुन नभएमा कतै दुर्घटना तर्फ त लाग्दै छैनौ भनी जाँच गर्नु आवश्यक हुन्छ । सम्भावित क्षति वा अन्तबाट जोगाउने धेरै विकल्प हुन सक्छन् तर पहिलो विकल्प विद्यमान सञ्चालक तथा कर्मचारीको क्षमता विकासका उपायहरुको अवलम्बन हुन सक्छ भने अन्तिम विकल्प संस्थाको विघटन होइन कि एकिकरणलाई लिनु उत्तम हुन्छ । तसर्थ सहकारीमा निरन्तर बृद्धि आवश्यक पर्छ भने सञ्चालन क्षमतामा पनि निरन्तर बृद्धि आवश्यक पर्छ र क्षमता विकास गर्न अपनाउने विभिन्न उपायको रुपमा तालिम कार्यक्रम पनि एक प्रभावकारी उपायको रुपमा प्रचलित छ ।

तालिमलिने वा शिक्षा आर्जन गर्ने कुरा निरन्तर हुन आवश्यक भएता पनि जब अप्ठेरोमा परिएको वा संकट परेको महशुश हुन्छ तब मात्र सिक्ने चाहने गर्ने प्रबृत्तिमा सुधार ल्याउनु पर्छ । ज्ञान, सिप तथा धारणामा परिमार्जन वा बृद्धि गर्न तालिम लगायतका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने गरिएको पाइन्छ । सञ्चालक तथा कर्मचारी पनि मान्छे नै भएकोले केही न केही कमीकमजोरी हुनु स्वभाविक होला तर आफूलाई आवश्यक ज्ञान तथा सिपको बारेमा अनविज्ञ हुनुलाई कमजोरीको रुपमा लिन सकिएला तर विभिन्न कारण देखाई सहकारीको पदमा बस्ने अनि आफ्नो जिम्मेवारी तथा दायित्वको गाम्भिर्यतालाई बुझ्न पर्याप्त कोशिश नगर्नु सबै भन्दा ठूलो भूल हो । सहकारीको सञ्चालक समितिमा पदासिन हुनु भनेको सहकारीबाट फाइदालिन होइन कि, अरुलाई फाइदा दिन र संस्था एवं सदस्यको क्षति हुन गएमा त्यसको जिम्मेवारी लिन तयार हुनु हो भन्ने कुरा बुझ्न र बुझाउन आवश्यक छ ।

समिति तथा उपसमितिका पदाधिकारी एवं सदस्यहरु र व्यवस्थापक लगायत कर्मचारीहरुले आ-आफ्नो काम, कर्तव्य तथा अधिकार स्पष्ट बुझेकै हुनुपर्छ । यस्ता कुरा बुझाउनमा तालिम शिक्षाका र्यक्रमप्र भावकारी हुन सक्छ । यस्ता कार्यक्रमबाट सिकेका-बुझेका कुराहरूलाई व्यवहारमा नउतार्न दह्रो अठोट चाहिन्छ । सिकाई व्यक्तिगत रहन्छ जब व्यवहारमा उतार्नु हुन्छ वा संस्थामा लागू गर्नु हुन्छ तब मात्र संस्थागत हुन जान्छ र सिकेको काम लाग्यो भन्न सक्छौं ।

यदि सिकेको कुरा संस्थामा उपयोग भएन भने सो शिक्षा आर्जन गर्नमा भएको लगानी डुबाइयो भनी बुझ्दा फरक नपर्ला जस्तो लाग्छ ।

तालिम मात्रै सिकाइको माध्यम हुँदै होइन । स्व-अध्ययन गर्न सकिन्छ, अनुभवी व्यक्तिहरुसँग कुराकानी गर्न सकिन्छ, सहकारी संस्थाहरुको अध्ययन अवलोकन गर्न सकिन्छ, इन्टरनेटबाट चाहेको कुरा खोजी गरी बुझ्न सकिन्छ, विभिन्न कार्यक्रममा भाग लिएर थुप्रै कुरा सिक्न सकिने जमानामा सिक्न चाहनु पर्छ, जहाँ इच्छा तहाँ उपाय भन्ने भनाई चरितार्थ हुन सक्छ । आफ्नो लागि उपयुक्त उपाय अपनाउन सकिन्छ ।

कुनै सहकारीको सञ्चालक वा कर्मचारीले कुनै पनि तालिम नै नलिइकन आफ्नो जिम्मेवारी राम्रोसँग पूरा गरिरहेको ठान्नु भएको छ भने विचार गरौं त यदि तालिम पनि लिनु भएको भए अझ कति राम्रो हुने थियो होला ।

हरेक तालिममा कुनै न कुनै नयाँ कुरा सिक्ने अवसर पाइन्छ भन्ने सोचाई बनाउँदा पक्कै पनि केही सिकिन्छ भन्ने मान्यता राख्नु राम्रो रहेछ ।

सहकारी संस्था शुरु गर्दै हुनुहुन्छ भने सहकारी के कस्तो संस्था हो भन्ने कुरा बुझ्नको लागि पूर्व सहकारी शिक्षा तालिम संस्थामा संलग्नहुने सबैले लिनु आवश्यक हुन्छ । संस्थाका सदस्यहरुको लागि सदस्य शिक्षा तालिम सञ्चालन गर्नु अझ राम्रो हुन्छ । संस्थाको मुख्य व्यवसाय के बनाउने, त्यसबाट सदस्यले के फाइदा लिन सक्छन् र संस्थालाई कुन आकारको कारोबारबाट शुरुवात गर्नु उपयुक्त हुन्छ जस्ता विभिन्न कुरा पहिलेनै सामुहिक रुपमा बुझ्ने र सोही बमोजिमको विनियम तथा आधारभूत नीति/कार्यविधिहरु एवं संस्था दर्ता गर्नको लागि आवश्यक पर्ने सम्पूर्ण कागजातहरु तयार गर्ने कुराहरु राम्रोसँग बुझ्नको लागि पनि तालिम लिन सकिन्छ ।

जब संस्थाको व्यवसय वा कारोबार शुरु गर्ने कुरा तय हुन्छ त्यति बेला कम्तिमा पनि कर्मचारीको रुपमा रही काम गर्ने व्यक्तिमा व्यवस्थित र दुरुस्त हिसाव-किताव राख्ने क्षमता भएन भएको एकिन गरी आवश्यकताको आधारमा लेखा व्यवस्थापन तालिम उपलब्ध गराउनु पर्छ । सञ्चालकहरु मध्ये कम्तिमा पनि कोषाध्यक्षमा लेखा सम्बन्धी पूर्ण ज्ञान शुरुमा नै आवश्यक हुन्छ । सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा उपसमितिका सबैले सहकारी व्यवस्थापन तालिम, आधारभूत नेतृत्व विकास तालिम तथा संस्थाले सञ्चालन गर्ने व्यवसायको बारेमा र सो व्यवसाय सञ्चालन सम्बन्धी नीति तथा कार्यविधि निर्माण गर्न र बनेको कार्यविधि बमोजिम जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने ज्ञान समयमानै लिनु पर्छ । यदि बचत तथा ऋण सहकारी हो भने बचत कार्यविधि तथा ऋण कार्यविधी के के कस्तो व्यवस्था गरिएको छ, के गर्नु राम्रो हो र के गर्नु हुदैन भन्ने कुरा स्पष्ट हुनु पर्छ । यसको लागि बचत तथा ऋण व्यवस्थापन तालिम आवश्यक हुन सक्छ । त्यस्तै गरी अन्य प्रकारका सहकारीका सञ्चालक तथा कर्मचारीहरुमा पनि आफ्नो संस्थाको व्यावसायिक कारोबारको बारेमा विस्तृत ज्ञानको लागि तालिम लिनु आवश्यक हुन सक्छ ।

संस्थाको बृद्धि सँगसँगै समिति, उपसमिति तथा कर्मचारीले सिक्नु पर्ने थप विषयहरु आउँछन् । वित्तीय विश्लेषण, बस्तु तथा सेवा विकास, योजना तथा बजेट तर्जुमा, सुशासन, कर व्यवस्था, कानुनी व्यवस्था, सम्पत्ति शुद्धिकरण, आन्तरिक लेखा परीक्षण, जाली नोट पहिचान, हस्ताक्षर जाँच, वित्तीय साक्षरता, जोखिम व्यवस्थापन, बचत तथा ऋण व्यवस्थापन (बचत ऋणको कारोबार गर्नेहरुको लागि ), संस्थाको व्यावसाय अनुरुपको प्राविधिक तालिम तथा बजार व्यवस्थापन जस्ता तालिम सम्बन्धित जिम्मेवारी लिने सम्पूर्णलाई नियमित रुपमा आवश्यक पर्दछन् । समिति/उपसमितिका पदाधिकारी तथा सदस्यहरुलाई र कर्मचारीहरुलाई नव प्रवेश गर्दा शुरुमै र कार्य जिम्मेवारी हेरफेर हुँदा थप तालिम दिलाउनेको व्यवस्था मिलाउनु पर्दछ ।

सहकारीका सदस्यहरुको लागि सदस्या शक्षा तथा सहकारी शिक्षाको अतिरिक्त तालिमको रुपमा उद्यमशिलता विकास तालिम, वित्तीय साक्षरता तालिम तथा विभिन्न सीप विकास सम्बन्धी तालिमहरुलाई नियमित उपलब्ध गराउने व्यवस्था मिलाउनु आवश्यक हुन्छ ।

संस्थाको व्यावसायिक विकासको लागि उच्च स्तरीय तालिमहरुको पनि आवश्यक पर्दछ । यस्ता उच्च स्तरीय तालिमहरु स्वदेशमै पाउने वाविदेशमा लिन जानुपर्ने हुन सक्छ । तर यस्तो तालिमको लागि तुलनात्मक रुपमा बढी खर्च लाग्ने हुन्छ । उच्च स्तरीय तालिम लिनको लागि संस्थाको स्तर पनि बृद्धि गर्नु आवश्यक हुन्छ भने खर्च गर्न सक्ने क्षमता विकास गरेको हुनु पर्छ। उच्चस्तरको तालिमलिनको लागि संस्थाको स्रत र आर्थिक क्षमता पनिउ च्चबनाइ राख्नु आवश्यक देखिन्छ । सियुडिसिसी, सियुसिसिसी, सियुएलसिसी तथा रणनीतिक योजना तर्जुमा जस्ता तालिमहरु नेपालमै पाउन सकिने उच्चस्तरीय तालिम कार्यक्रमहरु हुन् ।

सहकारी संस्थाले तालिमलाई व्यवस्थित गर्न नियमित रुपमा एक सक्रिय उपसमिति रहने र नियमित अद्यावधिक भएको तालिम शिक्षा कार्यविधि तयार गरेको हुनु पर्दछ । संस्थामा भएको कर्मचारीको संरचना अनुसार तालिम हेर्ने कर्मचारी, तालिम शाखा वा तालिम विभाग जस्ता जिम्मेवारी तोकिएको संरचना वा कर्मचारीको व्यवस्था गरेको हुनु आवश्यक छ

। शिक्षा कोषको आकार ठूलो बनाउने र कोषको रकमको अधिकतम सदुपयोग हुने खालको बजेट कार्यक्रम तयार गरी प्रभावकारी रुपमासञ्चालन गरेमा सहकारीले आफ्नो क्षमताअनुसारको आवश्यकतालिमशिक्षाआर्जन गर्नमा बाह्य सहयोग लिन नपर्ने बनाउन सकिन्छ ।

औपचारिक रुपमा तालिम आवश्यकता पहिचानको विधि अपनाउन सके राम्रो हो तर यस्तो विधिको प्रयोग नगर्दा पनि संस्थाका कुन जिम्मेवारीमा बसेका व्यक्तिलाई के कस्तो तालिम आवश्यक रहेछ भन्ने थाहा पाउने सरल उपायको रुपमा समिति, उपसमिति तथा कर्मचारीहरुको नियमित मूल्याङ्कन गर्ने र सो मूल्याङ्कनमा विद्यमान सीप तथा ज्ञानको स्तर मापन गर्ने जसबाट अपुग भएको ज्ञान तथा सीप थाहा पाउन सकियोस् । यस्तो मूल्याङ्कन गर्ने प्रणालिको विकास गर्न पनि सकिन्छ । के कस्तो विषयको तालिम पाएमा अझ राम्रो गर्न सकिथ्यो भन्ने विषयमा राय विचार संकलन गर्ने, छलफल गर्ने र निचोड निकाल्ने बानीको विकास गर्न पनि सकिन्छ । अन्य कुनै उपयुक्त तरिका अपनाई खास खास व्यक्तिको लागि आवश्यक तालिमको विषय पहिचान गर्ने व्यवस्था मिलाउनु पर्दछ । यसरी संकलित विषयहरुलाई वर्गिकरण र प्राथमिकिकरण गरी तालिमको योजना तयार गर्नु आवश्यक हुन्छ । सहकारीका लागि विभिन्न तालिम सञ्चालनमा अनुभवी तथा विज्ञ व्यक्तिसँग परामर्श गर्दा पनि आवश्यकता पहिचान गर्न सहयोग पुग्दछ ।

एउटै विषयमा पनि फरक फरक स्तरको तालिम सञ्चाल नहुन सक्छन् । तुलना गरेर बुझ्नको लागि, जसरी १ कक्षामा पनि नेपाली विषयमा र ६ कक्षामा पनि नेपालीविषयमा पढाई हुन्छ भने विषयको नामलिँदा एउटै भए पनि सिकाइने कुरा त धेरै फरक हुन्छ भने जस्तै तालिमको नाम एउटै भएपनि सहकारीको अनुभव, अभ्यास र सहभागी व्यक्तिमा भएको अनुभव तथा ज्ञान जस्ता कुराको आधारमा तालिममा समावेश गरिने विषयवस्तु फरक हुन सक्छ । त्यसैले तालिम आयोजना गर्दा प्रशिक्षकसँग र तालिममा सहभागी पठाउँदा तालिमको आयोजक वा आवश्यक परेमा प्रशिक्षकसँग समेत यस्ता विषयमा राम्ररी बुझेर उपयुक्त लागेमा मात्र तालिम सञ्चालन गर्ने वा तालिममा सहभागी पठाउने गर्नुपर्ने हुन्छ । तालिममा समावेश गरिने विषयवस्तुहरु सहभागीको आवश्यकता तथा अपेक्षा पूरा गर्ने खालको हुनुपर्ने भएकोले विषय वस्तुको आधारमा आवश्यक व्यक्तिलाई सहभागीको रुपमा छनोट गर्नु पर्छ ।

तालिममा संस्थाको तर्फबाट हुने सहभागी संख्यार लागत लगायतका कुराको विश्लेषण गरी अन्य निकायद्वारा आयोजित तालिममा सहभागी पठाउने वा आफैले तालिम आयोजना गर्ने भन्ने कुरा निर्धारण गर्न सकिन्छ। सहकारीका लागि सञ्चालन गरिने एउटा तालिममा सामान्य तया २०/२४ जना सहभागीहुनु ठिक्क मानिन्छ।

तालिमआयोजकको अनुभव, प्रशिक्षकको अनुभव, तालिम स्थल तथा वरिपरिको स्वच्छ शान्त वातावरण जस्ता कुराहरुले तालिमको प्रभाव कारिता तथा गुणस्तरमा निक्कै ठूलो भूमिका खेल्दछन् । तालिम माप्रयोग गरिने सामग्रीहरु, प्रविधि र सिकाईको विधि जस्ता कुराहरु सहभागी सक्रिय बनाइ राख्न सकेन भने तालिमको प्रभावकारितामा ह्रास आउँछ। खाना तथा आवासको उपयुक्त प्रबन्ध साथै पर्याप्त खुला स्थल र भौतिक पूर्वाधार साथै आयोजकको सुव्यवस्थापनले तालिममा सहजता ल्याउछ। समय व्यवस्थापन, प्रशिक्षण शैलि र प्रशिक्षकको सुहाउँदो व्यवहारले सहभागीमा उर्जा विकास गर्न मद्दत गर्छ । तालिम कक्षमा बसाई (सिट) व्यवस्थापन र हलको आकार तथा सजावट आदि जस्ता धेरै कुराले तालिमको प्रभावकारितामा फरक पार्दछन् । तालिम स्थल तथा वरपरको वातावरण, प्रशिक्षक र प्रशिक्षक शैलि तथा सिकाइका विधि, सहभागीको स्तर र विषयवस्तुहरु बीचको तालमेल मिले नमिले कुरा तालिम सञ्चालनको क्रममा पनि बेला बेलामा जाँच गर्नु पर्छ। उपयुक्त प्रशिक्षक छनौट गर्ने कुराम ासबै भन्दा बढी ध्यान दिनु आवश्यक हुन्छ।

सहकारी अभियान भित्र हेर्दा सहकारीका जिल्ला, प्रदेश, केन्द्रीय संघहरु र महासंघ लगायत राष्ट्रिय सहकारी बैंकबाट सहकारीका लागि विभिन्न तालिमहरुको आयोजना गर्ने र तालिम कार्यक्रममा प्रशिक्षकउ पलब्ध गराउने गरेको प्रशस्तै पाइन्छ। केही केन्द्रीय संघ, महासंघ र राष्ट्रिय सहकारी बैंकले बैदेशिक तालिममा सहभागिता गराउनेर कहिले बैदेशिक प्रशिक्षकबाट स्वदेश मै तालिम सञ्चालन गर्ने गरेका पाइन्छ। केही वर्ष यता राष्ट्रिय सहकारी बैंकले सहकारीका लागि सञ्चालन गर्ने तालिम कार्यक्रममा उल्लेखनीय रुपमा बृद्धि गरेको देखिन्छ । संस्थाको लागिआवश्यकतालिमको बारेमा सम्बन्धितनिकायमाजानकारी गराई तालिमउपलब्ध गराउन अनुरोध गर्न सकिन्छ।

नेपाल सरकारबाट सहकारी क्षेत्रको तालिमको लागि सहकारी अनुसन्धान तथा प्रशिक्षण केन्द्र सञ्चालनमा छ। सबै प्रदेशमा प्रशिक्षण केन्द्र सञ्चालन गर्ने सरकारी नीति अनुरुप प्रशिक्षण केन्द्रहरु स्थापनाको क्रम चलिरहेको बुझिएको छ। विभिन्न गैर-सरकारी संघ/संस्थाहरुले पनि विगत देखिनै सहकारीका लागि आ-आफ्नो बजेट कार्यक्रम अनुसार आ-आफ्नै कार्यक्षेत्र र लक्षित वर्गका लागि तालिम सञ्चालन गर्दै आएका छन् । आफ्नो संस्थाको लागि उपयुक्त तालिम कार्यक्रमको बारेमा चासो लिने र खोजी गर्ने कार्यमा सहकारी संस्थाहरुको आफ्नै अग्रसरता आवश्यक छ।

तालिम सञ्चालन गर्ने वा तालिममा सहभागिता गराउने दुबै अवस्थामा लागतको कुरा आइहाल्छ । तालिम सञ्चालनमा खर्च जोडिएरै आउँछ र खर्च कसले व्यहोर्ने वा कोबाट उठाउने भन्ने सवालमा कि त आयोजकले व्यहोर्ने कि सहभागीबाट उठाउने वा यी दुबैको मिश्रित रुपमा लाने भन्ने उपाय अभियान भित्रका आयोजकले सञ्चालन क्रममा प्रायः आउने कुरा हो । नेपाल सरकारले उपलब्ध गराउने तालिम र दातृ संस्थाको सहयोगमा परियोजना अन्तर्गत गैरसरकारी संस्थाहरुद्वारा प्रदान गरिने बाहेकका तालिम कार्यक्रम निशुल्क प्रायः भेटिदैनन् । शुल्क तिरेर पनि सहकारीले आफ्नो व्यवसाय तथा बस्तु सेवाको गुणस्तर बृद्धि र संस्थाको दिगो विकासको लागि आवश्यक तालिम लिनुपर्छ। शुल्क कति तिर्नु ठिक हो भन्ने कुराको लागि तालिममा गरिने खर्चलाई लगानीको रुपमा लिने र सो लगानीबाट प्राप्त सिकाईलाई संस्थामा उपयोग गरेर कति फाइदा लिन सकिएला भन्ने कुराको अनुमान गर्नु आवश्यक हुन्छ। संस्थालाई आवश्यक तालिम शिक्षा आर्जन गरेर संस्थाको दिगो विकासको लागि योगदान गर्नमा सहकारीका सञ्चालक तथा कर्मचारीहरु चुक्नु हुँदैन ।

*लेखक बैंकको तालिम विभाग प्रमुख हुनुहुन्छ !*

# अन्तराष्ट्रिय कार्यक्रममा बैंकको सहभागीता

२२ माघ, २०७७



काठमाडौ । एसियाली ऋण महासंघ (ACCU) द्वारा आयोजित सहकारी संस्थामा उत्कृष्ट शुसासनको स्तर (Credit Union Level of Governance Excellence – CULGE) सम्बन्धी ४ दिने तालिम कार्यक्रममा राष्ट्रिय सहकारी बैकका तालिम अधिकृत सुर्य प्रसाद रिमालले सहभागीता जनाउनु भएको छ । एसियाली ऋण महासंघका CEO Leni San Roque र CTO Ranjith Hettiarachchi से सहजीकरण गर्नु भएको सो तालिममा नेपाल सहित फिलिपिन्स, कम्वोडिया, थाइल्याण्ड, इन्डोनेशिया, हङकङबाट २० जनाको सहभागीता रहेको थियो । जुम प्रबिधिबाट संचालित उक्त तालिम कार्यक्रममा सहकारीमा शुसासन कायम गर्न सहभागिता, पारदर्शिता, जवाफदेहीता, सक्षमता तथा प्रभावकारीता, समता, कानुनको शासन, दुरदृष्टी तथा रणनीतिक सोच, नेतृत्वको ज्ञान तथा क्षमता, कार्य सम्पादन प्रभावकारीता, सञ्जालीकरण लगायतका बिषयमा व्यापक छलफल भएको थियो । तालिमपछि प्रदान गरिएको जिम्मेवारी कार्य सम्पादनका आधारमा सहभागीहरुलाई सहकारी शुसासन परिक्षणका लागी प्रमाणपत्र प्रदान गरिने भएको छ ।

## बिरगंञ्जमा नि:शुल्क स्वास्थ्य शिविर

माघ-२४

विरगंज । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय विरगंज, गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, को-अपरेटिभ म्यानेजर्स क्लब, भवानी अस्पताल, माट्रिका आई फाउन्डेसन, सशस्त्र प्रहरी बल गण नं.१३ को संयुक्त आयोजनामा नि:शुल्क स्वास्थ्य शिविर कार्यक्रम छिपहरमाई गाउँपालिका वडा नं.५, भिस्वामा माघ २४ गते सम्पन्न भएको छ । ग्रामिण क्षेत्रमा गुणस्तरिय स्वास्थ्य सेवाबाट बञ्चित रहेका जनताहरुलाई नि:शुल्क स्वास्थ्य सेवादिने उदेश्यका साथ शिविर संचालन भएको छ । नि:शुल्क स्वास्थ्य शिविर कार्यक्रममा करिब १ हजार जनाको नि:शुल्क चेक जाँच गरी औषधी समेत वितरण गरिएको थियो ।

# दाङमा कर्जा तथा जोखिम व्यवस्थापन तालिम

माघ-२८

तुलसीपुर दाङ । राष्ट्रिय सहकारी बैंक लिमिटेड तुलसीपुर शाखाको आयोजनामा ३ दिने कर्जा तथा जोखिम व्यवस्थापन तालिम माघ २८ गते सम्पन्न भएको छ ।



राष्ट्रिय सहकारी बैंक लिमिटेड घोराही शाखा समन्वय उप-समिति सदस्य हेमन्त कुमार योगीको अध्यक्षता, तुलसीपुर उपमहानगरपालिका मेयर घनश्याम पाण्डेको प्रमुख आतिथ्यता तथा राष्ट्रिय सहकारी विकास बोर्डका पुर्व संचालक, जिल्ला सहकारी संघ दाङका सचिव तथा राष्ट्रिय सहकारी बैंक लिमिटेड घोराई शाखा समन्वय उपसमिति सदस्य शुक्रराज भण्डारीको बिशिष्ठ आतिथ्यता मातालिम सम्पन्न भएको थियो । तालिम राष्ट्रिय सहकारी बैंक लिमिटेडका तालिम अधिकृत नारायण वेल्वासेको सहजिकरण, तुलसीपुर शाखा प्रमुख अजय रोकायाले संचालन गर्नु भएको थियो । कार्यक्रममा शाखा कार्यालय तुलसीपुर अन्तर्गतका बिभिन्न २९ सदस्य सहकारी संघ/संस्थाका संचालक, ऋण उपसमितिका पदाधिकारी, व्यवस्थापक तथा कर्मचारीहरु गरी ३२ जनाको सहभागिता रहेको थियो ।

# सहकारी बैंकको साईबर सेक्युरिटी तालिम

माघ-२८



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड, शाखा कार्यालय लगनखेलको आयोजनामा सहकारी संघ/संस्थाहरुमा हुने साईबर जोखिम न्युनिकरणका लागि १ दिने साईबर सेक्युरिटि तालिम (Cyber Security Training) माघ २८ गते सम्पन्न भएको छ । बैंकको शाखा कार्यालय लगनखेलका शाखा प्रमुख रमा घिमिरेले संचालन गर्नु भएको तालिममा विभिन्न सहकारी संघ/संस्थाहरुका ४२ जना सञ्चालक, व्यवस्थापक तथा कर्मचारीहरुको उत्साहजनक उपस्थिति रहेको थियो । तालिममा लगनखेल शाखाका कर्मचारी प्रमोद श्रेष्ठको स्वागत मन्तव्य पश्चात बैंकका सञ्चालक तथा बागमति प्रदेश संयोजक ज्ञान बहादुर तामाङले व्यानर पढी तालीमको शुभारम्भ गर्नु भएको थियो ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडको सुचना प्रविधि, संचार तथा प्रकाशन विभागका विभागिय प्रमुख/प्रबन्धक नबीन कुमार कार्कीले प्रशिक्षण दिनु भएको हो । तालिम अत्यन्तै प्रभावकारी तथा समय सापेक्ष रहेको र आ-आफ्ना सहकारीमा सुचना प्रविधिको सुरक्षित तवरले प्रयोग गरिने भागीहरूको प्रतिक्रिया थियो ।

# गण्डकी प्रदेश स्तरीय अन्तरक्रिया, सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न

पोखरा, १ फागुन




सहकारी विभागका रजिष्ट्रार डा.टोकराज पाण्डेले २ वर्ष भित्र सहकारीमा देखिएको दोहोरो सदस्यता अन्त्य गर्ने दावी गर्नु भएको छ । राष्ट्रिय सहकारी बैंक लिमिटेडले माघ ३० गते पोखरामा आयोजना गरेको गण्डकी प्रदेश स्तरीय अन्तरक्रिया, सम्मान तथा पुरस्कार वितरण कार्यक्रमको उद्घाटन पछि बोल्दै पाण्डेले यस्तो बताउनु भएको हो ।

दोहोरो सदस्यता अन्त्यका लागि कोपिमिस सफ्टवेयरको प्रयोग अनिवार्य भएको चर्चा गर्दै रजिष्ट्रार पाण्डेले २ वर्ष भित्र कोपोमिसका माध्यमबाट दोहोरो सदस्यता अन्त्य गरिने बताउनु भएको हो ।

चालु आर्थिक वर्षमा प्रदेश नं. १ र बागमती प्रदेशका सहकारीहरुको विवरण कोपोमिसमा राख्छौ, पाण्डेले भन्नु भयो, अर्को आर्थिक वर्षमा अन्य ५ वटै प्रदेशका सहकारीहरुको विवरण समावेश गरेर दोहोरो सदस्यता अन्त्य गर्छौ । कोपोमिसमा सहकारीको टाडा समावेश गर्नका लागि विभागले नै कर्मचारीको व्यवस्था गरेको र सबै स्थानीय तहमा ति कर्मचारीहरु मार्फत डाटा समावेश गरिने उहाँले जानकारी दिनु भयो । सहकारी विभागका अहिलेको पहिलो प्राथमिकता कोपिमिस भएको उहाँको भनाई छ । दोहोरो सदस्यता अन्त्यका लागि सहकारी अभियानको सहयोग आवश्यक रहेको भन्दै पाण्डेले कार्यान्वयन नगर्नेहरुलाई कानुनी दायरामा ल्याउने चेतावनी दिनुभयो । लाइसेन्स नभएको मानिसले गाडी चलाउदा कुनै न कुनै दिन ट्राफिक प्रहरीले फेला पारेर कार्वाही गरे जस्तै नियम विपरित चलेका सहकारीहरु पनि कानुनी दायरामा आउने उहाँको भनाई थियो । सहकारीहरुले कल्याणकारी राज्यको अवधारणा अनुसार सदस्य केन्द्रीत भएर आफ्नो व्यवसाय अगाडि बढाउन आग्रह गर्दै उहाले विशिष्ठिकृत मोडेलमा व्यवसायिक काममा लाग्न सुझाव दिनुभयो । कार्यक्रममा गण्डकी प्रदेश सहकारी विभागका रजिष्ट्रार उदय पराजुलीले राज्य र अभियानको सहकार्यमा सहकारी मार्फत समृद्ध समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने गरी काम गर्नु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष सावित्रा कोइराला, पोखरा महानगरपालिका सहकारी समन्वय समितिका अध्यक्ष तेज नारायण अधिकारी, सहकारी म्यानेजर्स क्लव कास्कीका अध्यक्ष डम्बर सिंह बस्नेत लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । अन्तरक्रिया कार्यक्रममा सहकारी विभागका रजिष्ट्रार डा.टोकराज पाण्डेले सहकारी विकास र सुशासन, राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले सहकारीको समसामयिक अवस्था र अभियानको भूमिका तथा बैंकका डिजिएम किशोर प्रसाद बिमलीले परफरमेन्स तथा फाइनान्सियल म्यानेजमेण्ट सम्बन्धी विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो । तीन वटै अवधारणा पत्र माथि सहकारीकर्मीहरुले विभिन्न सुझाव राख्दै सहकारी अभियानलाई मुलुकको समृद्धिसंग जोड्नका लागि आवश्यक नीतिनियमहरुमा सुधार गरी अगाडि बढ्नु पर्ने बताएका थिए । कार्यक्रम राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीको अध्यक्षता र सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीको सञ्चालनमा सम्पन्न भएको थियो

# चितवनमा व्यवस्थापन विकास कार्यक्रम

फागुन-६




चितवन । राष्ट्रीय सहकारी बैंक लिमिटेडको आयोजनामा संचालित व्यवस्थापन विकास कार्यक्रम एक कार्यक्रमका विच सम्पन्न भएको छ,। बैंक उच्च व्यवस्थापनका कर्मचारी सहित बैंकका ६८ वटा शाखाका र्यालयका प्रमुखहरुको यस कार्यक्रममा सहभागिता रहेको थियो ।

फागुन ४ गते देखि शुरु भएको व्यवस्थापन विकास कार्यक्रममा प्रशिक्षक इन्द्र गुरुङ सहितको टिमले सहभागीहरुलाई उत्प्रेरणा, नेतृत्व विकास, संगठनको लक्ष्य हासिल गर्ने विधि तथा व्यक्तित्व विकास लगायतका बृहत विषयहरुमा सहजीकरण गरेको थियो ।

# बर्दिवासमा पर्ल्स बिश्लेषण तालिम

फागुन-११



बर्दिबास। राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय बर्दिबासको आयोजनामा संचालित २ दिने पर्ल्स बिश्लेषण तालिम सम्पन्न भएको छ । राष्ट्रिय सहकारी बैकका संचालक तथा प्रदेश नं. २ सहकारी तथा भुमी व्यवस्था मन्त्रालयका बिशेष सल्लाहकार ध्रुवनारायण यादवले १० फागुनमा उद्घाटन गर्नु भएको कार्यक्रमको समापन राष्ट्रिय सहकारी बैकका संचालक तथा प्रदेश नं. २ संयोजक बिश्वनाथ मंडलले गर्नु भएको थियो । सहकारीहरुको बित्तिय स्वास्थ्य परिक्षण तथा सुशासन कायम गर्न पर्ल्सको महत्व, गणना र बिश्लेषणको लागि महत्वपूर्ण मानिएको पर्ल्स कार्यक्रममा २० सहकारी संस्थाका २२ जनाप्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# किर्तिपुरमा ऋण व्यवस्थापन तालिम

फागुन-१४

किर्तीपुर । राष्ट्रिय सहकारी बैक किर्तिपुर शाखा र किर्तिपुर सहकारी संघको संयुक्त आयोजनामा किर्तिपुर बहुउद्देश्यीय सहकारी संघको हलमा एक दिने ऋण व्यवस्थापन तालिम फागुन १४ गते सम्पन्न भएको छ । सो तालिमको उद्घाटन राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बि. उप्रेतिले गर्नु भएको थियो । तालीममा किर्तिपुर नगरपालिकाका विभिन्न सहकारीबाट ३३ जना सहकारीकर्मीको सहभागिता रहेको थियो । तालिममा बैंकको तालिम बिभागकाअ धिकृत मिनाकुमारी शर्मा, लगनखेल शाखाका प्रमुख रमा घिमिरे र कलंकी शाखा प्रमुख रामकुमार तिमल्सिनाले सहजीकरण गर्नु भएको थियो ।

# भक्तपुरमा ऋण तथा जोखिम व्यवस्थापन तालिम

माघ-१३

भक्तपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोग तथा मध्यपुर साकोस म्यानेजर्स क्लबको आयोजनामा संचालित २ दिने ऋण तथा जोखिम व्यवस्थापन तालिम माघ १३ गते सम्पन्न भएको छ । बैंकको कर्जा विभाग प्रमुख प्रमोद कुमार घिमिरे, बैंकको लगनखेल शाखा कार्यालयका प्रमुख रमा घिमिरे र मध्यपुर साकोस म्यानेजर्स क्लबका अध्यक्ष कपिल घजुले तालिममा सहजीकरण गर्नुभएको थियो ।




तालिममा सहकारी संघ/संस्थामा कर्जा लगानी गर्दा अपनाउन पर्ने सावधानी, कर्जामा निहित जोखिम व्यवस्थापन, कर्जा लगानी गर्दा गरिने कागजात प्रक्रिया सहितका बृहत विषयहरु संलग्न थिए । तालिम समापनमा सहभागीहरुले तालिममा उठान भएका विषय र तालिम प्रदान गर्ने विधि उत्कृष्ट रहेको प्रतिक्रिया दिदै आगामी दिनहरुमा समेत यस्तै तालिम कार्यक्रमहरुको अपेक्षा रहेको बताएका थिए । तालिम समापनको अबसरमा सहभागीहरुलाई बैंकको कर्जा विभाग प्रमुख प्रमोद कुमार घिमिरे र मध्यपुर साकोस म्यानेजर्स क्लबका अध्यक्ष कपिल घजुले संयुक्त रुपमा तालिम प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

मध्यपुर ठिमी क्षेत्र २० सहकारी संघ/संस्थाका ३० जना प्रतिनिधिहरुको तालिममा सहभागिता रहेको तालिमलाई बैंकको ठिमी शाखाका र्यालयका प्रमुख सिता भट्टराईले सहजीकरण गर्नु भएको थियो ।

# भैरहवामा कर्जा तथा जोखिम व्यवस्थापन तालिम

फागुन-१७

भैरहवा । राष्ट्रिय सहकारी बैंक लिमिटेड, शाखा कार्यालय भैरहवाको आयोजनामा सहकारी संघ/संस्थाहरुमा हुने कर्जा तथा जोखिम व्यवस्थापन लागि २ दिने कर्जा तथा जोखिम व्यवस्थापन तालिम फागुन १७ गते सम्पन्न भएको छ। कार्यक्रम राष्ट्रिय सहकारी बैंक लिमिटेडका सञ्चालक माधब देवकोटाको अध्यक्षता तथा सिद्धार्थ नगर नगरपालिका उप प्रमुख उमा काफ्लेको प्रमुख अतिथ्यतामा सम्पन्न भएको थियो । तालिममा विभिन्न सहकारी संस्थाहरुका ३४ जना ऋण उप समिति संयोजक , व्यवस्थापक तथा कर्मचारीहरुको उत्साहजनक उपस्थिति रहेको थियो ।



राष्ट्रिय सहकारी बैंक लिमिटेडको तालिम अधिकृत नारायण बेल्वासेले प्रशिक्षण दिनु भएको हो। तालिम अत्यन्तै प्रभावकारी तथा समय सापेक्ष रहेको र आ-आफ्ना सहकारीमा प्रयोग गरिने सहभागीहरूको प्रतिक्रिया थियो। कार्यक्रम बैंकको भैरहवा शाखा प्रमुख आलोक शिवाकोटीले संचालन गर्नुभएको थियो ।

# शुक्ला गण्डकीमा सहकारीमा सुशासन सम्बन्धी गोष्ठी

फागुन-१९

तनहुँ । तनहुँको शुक्ला गण्डकी नगरपालिका भित्रका सहकारीकर्मीहरुलाई सहकारी सुशासन सम्बन्धमा जानकारी दिने उदेश्यका साथ एक दिने सहकारीमा सुशासन सम्बन्धी गोष्ठी फागुन १८ गते सम्पन्न भएको छ ।



सहकारी रजिष्ट्रार कार्यालय पोखरा, शुक्ला गण्डकी नगरपालिका र राष्ट्रिय सहकारी बैंक दमौली शाखाको संयुक्त आयोजनामा तनहुँको दुलेगौडामा आयोजित कार्यक्रमका सहकारीको योगदान बढाउनका लागि सुशासन निर्माणमा जोड दिएका हुन् । सहकारीलाई सुशासन युक्त बनाउन कालागि सहकारी ऐन, नियमावली, विनियम र कार्य विधिका आधारमा सहकारीहरु सञ्चालन गर्ने, सञ्चालक, कर्मचारी र शेयर सदस्यहरुलाई सहकारी शिक्षा प्रदान गरी सहकारीको मूल्य मान्यता र आदर्शका आधारमा काम गर्नु पर्नेमा सहभागीहरुले जोड दिएका छन् ।

कार्यक्रममा गण्डकी प्रदेश सहकारी रजिष्ट्रार कार्यालयका रजिष्ट्रार उदय बहादुर पराजुलीले सहकारी मार्फत जनताको आर्थिक, सामाजिक जीवनस्तर थप प्रभावकारी बनाउनका लागि सहकारी मूल्य, मान्यता र सिद्धान्त तथा ऐन कानुनको परिपालनामा जोड दिनु भयो । सहकारीको प्रवर्द्धनका लागि प्रदेश सहकारी रजिष्ट्रार कार्यालय सदैव तत्पर रहेको र सबैसंग समन्वय गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।
कार्यक्रममा राष्ट्रिय सहकारी बैंकको अवस्था र आगामी योजनाका बारेमा बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसी, सुशासन र सहकारी सम्बन्धमा सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेश पोखराका अधिकृत सागर खनाल, शुक्ला गण्डकी नगरपालिकाको सहकारी ऐन सम्बन्धमा पालिकाका सूचना प्रविधि शाखाका प्रमुख त्रिलोचनल म्सालले तथा सम्पत्ती शुद्धिकरण सम्बन्धमा जिल्ला सहकारी संघ तनहुका अध्यक्ष श्री प्रसाद भट्टराईले सहजीकरण गर्नु भएको थियो । कार्यक्रममा शुक्ला गण्डकी नगरपालिकाका निमित्त प्रमख प्रशासकीय अधिकृत नवराज पण्डितले स्थानीयतहमा सहकारी ऐन नियम प्रभावकारी कार्यान्वयनका लागि सबैको सहयोग र समन्वय आवश्यक रहेको बताउनु भयो ।
शुक्ला गण्डकी नगरपालिका भित्र सञ्चालनमा रहेका सहकारीका अध्यक्षतथा प्रवन्धकहरु गरी ५० जना सहकारीकर्मीहरुको सहभागिता रहेको कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंक तनहुँ शाखाका प्रमुख उपेन्द्र दाहालले गर्नु भएको थियो ।

## लहानमा कर्जा तथा जोखिम व्यवस्थापन तालिम

फागुन-२१

लाहान । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय लहानको आयोजनामा २ दिने कर्जा तथा जोखिम व्यवस्थापन तालिम फागुन २१ गते सम्पन्न भएको छ । तालीमको समापन कार्यक्रमको अध्यक्षता शाखा समन्वय उपसमिति संयोजक संजय कुमार महतोले गर्नुभएको थियो । बैंकका संचालक तथा प्रदेश न २ संयोजक विश्वनाथ मण्डलले कार्यक्रमको प्रमुख आतिथ्यता ग्रहण गर्नुभएको थियो। उहाले बैंकले वित्तिय सेवा मात्र नभएर अन्य आवश्यक




सेवाहरु समेत प्रदान गरिरहेको साथै भविष्यमा अन्य जुन सुकै किसिमको आवश्यक तालिम तथा सेवाहरु प्रदान गर्न बैंक तयार रहेको जानकारी समेत गराउनु भएको थियो ।
२ दिने तालीमको सहजीकरण बैंकका तालीम अधिकृत सुर्य प्रसाद रिमालले गर्नु भएको सो तालीम कार्यक्रमको संचालन बैंकको लहान शाखा प्रमुख समिर श्रेष्ठले गर्नु भएको थियो । तालीम कार्यक्रममा बैंकको लहान शाखा कार्यालय अन्तर्गत कारोवार गर्ने ३३ ओटा सहकारी संस्थाहरुबाट ३४ जना सहकारीकर्मीहरुको सक्रिय सहभागिता रहेको थियो

।

# कावासोतीमा सहकारी बैंकको कर्जा तथा जोखिम व्यवस्थापन तालिम

कावासोती, २१ फागुन
राष्ट्रिय सहकारी बैंक लिमिटेड कावासोती शाखाको आयोजनामा सञ्चालित २ दिने कर्जा तथा जोखिम व्यवस्थापन तालिम फागुन २० गते सम्पन्न भएको छ ।




सदस्य सहकारी संस्थाहरुको वित्तीय व्यवस्थापनका साथै कर्जा परिचालन र जोखिम न्यूनिकरणमा सहयोग पुर्‍याउने उदेश्यका साथ तालिम सञ्चालन गरिएको थियो । सहकारी संघ संस्थाहरुले आफ्ना सदस्यहरुलाई प्रवाह गर्ने कर्जालाई व्यवस्थित तथा जोखिम रहित बनाउनका लागि तालिम सहयोगी भएको सहभागीहरुले बताएका थिए । समापन कार्यक्रममा बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले सहकारीको नियमित कामलाई प्रभावकारी बनाउनुका साथै सहकारी क्षेत्रको साख वृद्धि गर्नका लागि कर्जा तथा जोखिम व्यवस्थापनमा ध्यान दिनु पर्नेमा जोड दिनुभयो । उहाँले सहकारी क्षेत्रले गर्ने काम प्रभावकारी र प्रतिफलमुखी बनाउन सकेमा सिंगो सहकारी अभियानको भूमिका बढ्ने भएकाले सबै सहकारीहरुले आफ्नो संस्थालाई नीति सम्मत र प्रविधि मैत्री रुपमा सञ्चालनमा ध्यान दिनु पर्ने बताउनुभयो । कार्यक्रममा तालिमका सहज कर्ता तथा वैंकका तालिम विभागका अधिकृत नारायण वेलवासे, सहकारीले तालिमको प्रभावकारीताका बारेमा आ-आफ्नो धारणा राख्नु भएको थियो । कार्यक्रम राष्ट्रिय सहकारी बैंक कावासोती शाखा व्यवस्थापन उपसमितिका संयोजक तिलक पराजुलीको अध्यक्षता र शाखा प्रमुख रुक्मत श्रेष्ठको सञ्चालनमा सम्पन्न भएको थियो । तालिममा नवलपुरमा सञ्चालित विभिन्न सहकारी संस्थाका कर्जासंग सम्बन्धित कर्मचारी र सञ्चालक ४० जनाको सहभागिता रहेको थियो ।

# राजबिराजमा कर ब्यबस्थापन, कर्जा ब्यबस्थापन र सम्पत्ती शुद्धिकरण तालिम

फागुन-२४
राजबिराज । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखाका र्यालय राजबिराजको आयोजनामा तिन दिने सहकारीमा कर ब्यबस्थापन, कर्जा ब्यबस्थापन र सम्पत्ती शुद्धिकरण सम्बन्धी तालीम सम्पन्न भएको छ । फागुन २२ गते देखि २४ गते सम्म शाखाको हलमा सो तालीम कार्यक्रम संचालनभएको थियो । तालीम कार्यक्रममा तिन फरक विषयहरु समाबेश गरिएको थियो । तालिमको पहिलो दिन सहकारीमा कर ब्यबस्थापन बिषयमा करदाता सेवा कार्यलय राजबिराजका कर अधिकृत श्री सरोज कुमार ढकाल ले सहजिकरण गर्नु भएको थियो ।

त्यसै गरी दोस्रो दिन राष्ट्रिय सहकारी बैंकका तालीम अधिकृत सूर्य रिमालले कर्जा व्यवस्थापन सम्बन्धी सहजिकरण गर्नु भएको थियो भने अंन्तिम दिन प्रदेश २ प्रहरी तालिम केन्द्रका प्रमुख बरिस्ठ प्रहरी उपरीक्षक केदार ढकाल ले सहजिकरण गर्नु भएको थियो ।

बैंकले आयोजना गरेको ३ दिने तालिम कार्यक्रमको समापन समारोहमा आइडियल सहकारी संस्था लिमिटेडका अध्यक्ष गणेश कुमार आसले अध्यक्षता ग्रहण गर्नु भएको थियो भने बैंकका संचालक बिश्वनाथ मण्डलले प्रमुख अतिथीको आसन ग्रहण गर्नु भएको थियो । त्यसैगरी बिशिष्ट अतिथीको रुपमा जिल्ला प्रहरी कार्यलय सप्तरीका प्रमुख प्रहरी उपरिक्षक राजेन्द्र धमलाको साथै अतिथिको रूपमा प्रहरी तालिम केन्द्र प्रमुख केदार ढकाल उपस्थिति रहेको सो कार्यक्रमको संचालन बैंकको राजबिराज शाखा कार्यालय प्रमुख चन्द्रमणि भट्टराईले गर्नुभएको थियो ।

# सहकारी बैंकको लैङ्गिक हिंसा, महामारी र सहकारी विषयक राष्ट्रिय गोष्ठी

फागुन-२४

ललितपुर । १११ औं अन्तराष्टिय महिला दिवसको अवसरमा राष्ट्रिय सहकारी बैंक लिमिटेडले आयोजना गरेको एक दिने लैङ्गिक हिंसा, महामारी र सहकारी विषयक राष्ट्रिय स्तरको गोष्ठी सम्पन्न भएको छ । बैंकका संचालक तथा लैङ्गिक समानता उपसमितिका संयोजक पार्बती थापा मगरले अध्यक्षता ग्रहण गर्नु भएको अनलाइन जूम मार्फत सम्पन्न भएको राष्ट्रिय गोष्ठीमा प्रमुख अतिथिको रूपमा नेपाल सरकार भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री माननीय डा. शिवमाया तुम्बाहाङफे रहनु भएको थियो । गोष्ठी कार्यक्रममा विशिष्ट अतिथिको रूपमा ICA का ग्लोबल बोर्ड मेम्बर तथा राष्ट्रिय सहकारी महासंघका बरिष्ठ उपाध्यक्ष ओम देवी मल्ल सहभागी हुनुहुन्थ्यो ।कार्यक्रममा बैंकका अध्यक्ष के.बी. उप्रेती, बैंकका संचालक सरिता तिमिल्सीना, अमृता सुब्बा, प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाई, विभिन्न विभागीय प्रमुखहरु, विभिन्न विषयगत केन्द्रीय तथा जिल्ला सहकारी संघहरुका महिला प्रतिनिधिहरु, सहकारीकर्मीहरु लगायत बैंकका कर्मचारीहरुको उल्लेख्य सहभागिता रहेको थियो ।




गोष्ठी कार्यक्रममा स्वागत मन्तव्य र बैंकको बारेमा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाइले जानकारी गराउनु भएको थियो । त्यसैगरी नेपाल सरकार भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री माननीय डा. शिवमाया तुम्बाहाङफेले गोष्ठीको उदघाटन मन्तव्य राख्दै महिलाहरुको हक अधिकार र यी संग सम्बंधित रहेर सहकारीको विषयमा आफ्ना भनाईहरु राख्नुभएको थियो । कार्यक्रममा **"लैङ्गिक हिंसामा महामारीको असर: सहकारी भूमिका"** विषयमा उत्कृष्ट प्रस्तुतीकरणका साथै यी विषयहरुसंग सम्बंधित रहेर गोष्ठीमा उठेका जिज्ञासाहरुको पनी उत्तर दिनु भएको थियो । बैंकसंग सम्बंधित रहेर उठेका जिज्ञासाहरुको उत्तर बैंकका अध्यक्ष के.बी. उप्रेतीले दिनुभएको थियो । यसै गरी गोष्ठी कार्यक्रममा विशिष्ट अतिथिको रूपमा क्ष्ऋब का ग्लोबल बोर्ड मेम्बर तथा राष्ट्रिय सहकारी महासंघका बरिष्ठ उपाध्यक्ष ओम देवी

मल्लले पनी आफ्नो भनाई राख्दै महिलाहरु आफै अघि बढ्नुपर्छ, आफ्नो हक, हित र अधिकारको लागी सधै संघर्ष गर्नुपर्छ भन्नु भएको थियो । कार्यक्रमको अध्यक्ष बैंकका संचालक तथा लैङ्गिक समानता उपसमितिका संयोजक पार्बती थापामगरले विश्वका साहसी महिलाहरुको उदाहरण दिदै कार्यक्रम समापन गर्नु भएको थियो । सो गोष्ठी कार्यक्रमको सञ्चालन बैंकको व्यवसाय प्रवर्धन विभाग प्रमुख तथा लैङ्गिक समानता उपसमितिका सदस्य सचिव मधु रायमाझीले गर्नुभएको थियो ।

# ललितपुरमा सहकारी बैंकको अन्तरक्रिया कार्यक्रम

फागुन-२५




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय लगनखेलको आयोजनामा गोदावरी नगरपालिका वडा न.१, २, ३, ४ र १४ मा रहेका सहकारी संघ/संस्थाहरूसंग एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको अध्यक्षता राष्ट्रिय सहकारी बैंकका संचालक रामहरि वजगाई ज्यूले गर्नुभएको थियो । कार्यक्रमको प्रमुख अतिथि वैंकका अध्यक्ष  के. बी. उप्रेती रहनु भएको थियो । कार्यक्रमम ।विशेष अतिथि वागमति प्रदेश सहकारी संघका अध्यक्ष तथा राष्ट्रिय सहकारी बैक लिमिटेडका निवर्तमान संचालक रामशरण शर्मा घिमिरे रहनु भएको थियो । साथै सो कार्यक्रममा वडा नं ३ र १४ का वडा अध्यक्ष र क्षेत्रीय सहकारी संजाल गोदावरीका अध्यक्षले आतिथ्यता ग्रहण गर्नुभएको थियो ।

कार्यक्रममा बैंकका वरिष्ठ प्रबन्धक रामवावु आचार्यले बैंकको कर्जाको प्रकार तथा प्रविधिको क्षेत्रमा बैंकले मारेको फड्को तथा बैंकको सम्पूर्ण वर्तमान स्थिति बारे प्रस्तुतीकरण दिनु भएको थियो । बैंकको लगनखेल शाखा कार्यालय अन्तर्गत कारोवार गर्ने ललितपुर गोदावरी नगरपालिका वडा नं १,२,३,४ र १४ भरीका सहकारी संघ/संस्थाहरुको अध्यक्षहरु तथा प्रतिनिधिहरू गरी जम्मा ७५ जनाको उपस्थिति रहेको सो कार्यक्रमको संचालन बैंकको लगनखेल शाखा प्रमुख रमा घिमिरेले गर्नु भएको थियो ।



# जुम्लामा सहकारी बैंकको अन्तरक्रिया कार्यक्रम

फागुन-२५

जुम्ला । राष्ट्रिय सहकारी बैंकको आयोजनामा जुम्लामा एक दिने सहकारी बैंक र सदस्य संस्थाहरु बीचको अन्तरक्रिया कार्यक्रम फागुन २५ गते सम्पन्न भएको छ । कार्यक्रमको अध्यक्षता जुम्ला जिल्ला सहकारी संघका अध्यक्ष प्रकाश महतोले गर्नु भएको थियो । बैंकका संचालक तथा कर्णाली प्रदेश संयोजक हरीहर नाथ योगीको आतिथ्यता रहेको अंतरक्रिया कार्यक्रममा बैंकको सेवाहरु बारेमा प्रस्तुतीकरण बैंकको सुर्खेत शाखा कार्यालय प्रमुख हिरालाल सुनारले गर्नु भएको थियो । स्वागत मन्तव्य बैंकको दैलेख शाखा प्रमुख सुरेन्द्र शाहीले गर्नुभएको थियो । कार्यक्रमको संचालन जिल्ला सहकारी संघ लिमिटेडका जुम्लाका महासचिव मयाराम आचार्यले गर्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि हरीहर नाथ योगीले समग्र बैंकको बारेमा तथा सहकारी अभियानको बारेमा प्रकाश पर्नु भएको थियो । कार्यक्रममा उपस्थित सहकारीकर्मीहरुले जुम्ला जिल्लामा बैंकको शाखा स्थापनाको लागी माग गर्नु भएको थियो । जुम्ला जिल्लाका विभिन्न सहकारी संघ/संस्थाहरुबाट ३६ जनाको सहभागिता रहेको थियो ।




# महेन्द्रनगरमा ऋण तथा जोखीम ब्यबस्थापन तालिम

फागुन-२६



महेन्द्रनगर । राष्ट्रिय सहकारी बैंक शाखा कार्यालय महेन्द्रनगरको आयोजनामा फागुन २५ र २६ गते ऋण तथा जोखीम ब्यबस्थापन तालीम सम्पन्न भएको छ । तालिमको समापन कार्यक्रमको अध्यक्षता बैंकको सञ्चालक शिवा थापाले गर्नुभएको थियो । प्रमुख आतिथ्यता भिमदत्त नगरपालीका नगर प्रमुख सुरेन्द्र बिष्टले तथा बिशिष्ट अतिथी राष्ट्रिय सहकारी बैंक लघुबित्त उपसमीती सदस्य तथा राष्ट्रिय सहकारी महासंघका पुर्व सञ्चालक गणेश चन्द, अतिथीमा जिल्ला बहुउद्देश्यीय सहकारी संघ कंचनपुरका अध्यक्ष प्रेम सिंह भाट, जिल्ला बचत तथा ऋण सहकारी संघका कंचनपुरका प्रतिनिधि भवानी चन्द, नगर सहकारी संजालका संयोजक ईश्वरी प्रसाद खरेल रहनु भएको थियो । बैंकका तालिम अधिकृत नारायण वेल्बसेले सहजीकरण गर्नु भएको कार्यक्रमको सञ्चालन बैंकको महेन्द्रनगर शाखा कार्यालय प्रमुख प्रकाश थपलियाले गर्नुभएको थियो ।

# अछाममा कर्जा तथा जोखिम व्यवस्थापन तालिम

फाल्गुण-२९




मंगलसैन । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राबिधिक सहयोग र जिल्ला सहकारी संघ लि अछामको आयोजनामा, अछामको मंगलसेनमा २ दिने कर्जा तथा जोखीम व्यवस्थापन तालिम फागनु २९ गते सम्पन्न भएको छ। समापन समारोह जिल्ला सहकारी संघ लि अछामका अध्यक्ष अमर नाथ न्यौपानेको अध्यक्षता, जिल्ला बचत तथा ऋण सहकारी संघ लि अछामका अध्यक्षचन्द्र प्रसाद भण्डारी बैंकका धनगढी शाखा प्रमुख कृष्ण रावल लगायतको आतिथ्यतामा सम्पन्न भएको थियो । तालिममा डोटी, बाजुरा र अछाम जिल्लाका सहकारीका संचालहरु, कर्मचारीहरु गरी २५ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको समापनमा सहभागि को तर्फवाट मन्तव्य राख्दै लक्ष्मी सरस्वती बहुउदेयीय सहकारी डोटीका सेवा केन्द्र प्रमुख तेज बहादुर बोहोराले तालिम निकै उपलब्धी मुलक भएको र यसलाई ब्यवहीक रुपमा लागु गर्ने बताउनु भएको थियो । मंगल सेन बहुउदेश्यीय सहकारी संस्था अछामकी ब्यवस्थापक जैसरा बोहोराले तालिममा सिकेका कुराहरु लागु गरि सस्थालाई नमुना बनाउने प्रतिवद्धता जनाउनु भएको थियो । तालिममा राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत नारायण बेल्वासेले सहजिकरण गर्नु भएको छ। साथै सो अवसरमा बाजुराका २ र अछामका ४ संस्थाहरुले बैंकको सदस्यस्ता लिएको धनगढी शाखा प्रमुख कृष्ण रावलले जानकारी गराउनु भएको थियो ।

## ठिमीमा ऋण जोखिम व्यवस्थापन तालीम

फागुन-२९

थिमी । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोग र थिमी स्वालम्बन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा एक दिने ऋण जोखिम व्यवस्थापन तालीम नर्थ पोइन्ट मल, बोडेमा सम्पन्न भएको छ। संस्थाले आफ्ना संचालक समिति, लेखा समिति तथा आफ्ना कर्मचारीहरुलाई लक्षित गरी सो तालीम कार्यक्रम आयोजना गरेको हो । तालीमको सहजीकरण राष्ट्रिय सहकारी बैंक लिमिटेडका कर्जा विभाग प्रमुख प्रमोद कुमार घिमिरेले गर्नु भएको थियो । बैंकको थिमी शाखा कार्यालय प्रमुख सीता भट्टाराईले सञ्चालन गर्नुभएको सो कार्यक्रममा संस्थाका ३० जनाको सहभागिता रहेको थियो ।




National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
सबै प्रकृतिका सहकारीलाई बैंकको सदस्य बन्न अझै सहजता
Internet Banking को सुविधा
रु १५०० मा बैंकको सदस्यता
SMS Banking को सुविधा
• वार्षिक शुल्क नलाग्ने
• सहज प्रक्रिया
• Online मार्फत सदस्यता लिन सकिने
थप जानकारीको लागी बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस
Web: www.ncbl.coop Email: ncbl@ncbl.coop
CICTAB
NEDAC
APRACA
ACCU
coop
टोल फ्री नं १६६००१०२९९९